कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत
(पदपूर्ती तथा सिफारिस समिति)

## सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/११/१९)

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेश र मातहतका कार्यालयहरुको लागि देहाय बमोजिमका तहका पदहरूमा प्राविधिक कर्मचारी सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म दरखास्त दिन हुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह/उपसमूह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| २०७८/०७९-०१ | इन्जिनियर | अधिकृत सातौं | नेपाल इन्जिनियरिङ | सिभिल/जनरल | ४ | |
| २०७८/०७९-०२ | इन्जिनियर | अधिकृत सातौं | नेपाल इन्जिनियरिङ | सिभिल/हाईवे | ६ | |
| २०७८/०७९-०३ | इन्जिनियर | अधिकृत सातौं | नेपाल इन्जिनियरिङ | सिभिल/वि.एण्ड आर्क | ३ | |
| २०७८/०७९-०४ | सव-इन्जिनियर | सहायकस्तर पाचौं | नेपाल इन्जिनियरिङ | सिभिल/जनरल | ९ | |
| २०७८/०७९-०५ | सव-इन्जिनियर | सहायकस्तर पाचौं | नेपाल इन्जिनियरिङ | सिभिल/हाईवे | ६ | |
| २०७८/०७९-०६ | सव-इन्जिनियर | सहायकस्तर पाचौं | नेपाल इन्जिनियरिङ | सिभिल/वि. एण्ड आर्क | ९ | |
| २०७८/०७९-०७ | सव-इन्जिनियर | सहायकस्तर पाचौं | नेपाल इन्जिनियरिङ | मेकानिकल/मे.जनरल | १ | |
| जम्मा | | | | | ३८ | |

१. <u>योग्यता र अनुभवः</u>

१.१. न्यूनतम शैक्षिक योग्यताः

- अधिकृतस्तर सातौं (जनरल/हाईवे/वि.एण्ड आर्क. उपसमूह) का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङमा स्नातक तह (चार वर्षे) हाँसिल गरेको।
- सहायकस्तर पाचौं (जनरल/हाईवे/वि.एण्ड आर्क. उपसमूह) का लागि मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविधालयबाट सिभिल इन्जिनियरिङमा डिप्लोमा इन इन्जिनियरिङ (तीन वर्षे) हाँसिल गरेको।
- सहायकस्तर पाचौं (मेकानिकल/मेकानिकल जनरल उपसमूह) का लागि मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविधालयबाट मेकानिकल इन्जिनियरिङमा डिप्लोमा इन इन्जिनियरिङ (तीन वर्षे) हाँसिल गरेको।

१.२ **उमेरको हदः** अधिकृतस्तर सातौंका लागि २१ वर्ष र सहायकस्तर पाचौंका लागि १८ बर्ष उमेर पुरा भएको हुनुपर्ने।

१.३ भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरीने गरी बर्खास्त नभएको।

१.४ नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको।

२. **व्यवसायिक प्रमाणपत्र (लाईसेन्स):** अधिकृतस्तर सातौंको हकमा नेपाल इन्जिनियरिङ्ग परिषदमा अनिवार्य दर्ता भएको हुनुपर्ने।

३. **दरखास्त दिने विधि र अन्तिम मितिः** योग्यता पुगेका इच्छुक उमेदवारहरूले **vacancy.mopid@gmail.com** इमेल ठेगाना मार्फत् वा यस मन्त्रालयमा सूचना प्रकाशित भएको मितिदेखि मिति २०७८/१२/०३ गते दिनको २:०० बजे भित्र दरखास्त पेश गरिसक्नु पर्नेछ। दरखास्त फारम यस मन्त्रालयको प्रशासन शाखाका साथै मन्त्रालयको website:- www.mopid.karnali.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

४. **दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु:**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- उम्मेदवारको व्यक्तिगत विवरण,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (एउटै संस्थामा निरन्तर रूपमा एक वर्ष वा सो भन्दा बढी काम गरेको अनुभवलाई मात्र गणना गरिनेछ। )

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत
(पदपूर्ती तथा सिफारिस समिति)

- अधिकृतस्तर सातौंको हकमा नेपाल इन्जिनियरिङ परिषदमा दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- विदेशी शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक उपाधिको हकमा समकक्षता निर्धारणको प्रमाणपत्रको प्रतिलिपि।

५. उम्मेदवारको संक्षिप्त सूची दरखास्त दिने अन्तिम मितिको ७ (सात) दिनभित्र यस मन्त्रालयको website www.mopid.karnali.gov.np मा प्रकाशन गरिनेछ। अन्तरवार्ता हुने मिति, समय र स्थान सोही सूचनामा उल्लेख गरिनेछ।

६. म्याद नाघी आएको र कागजात नपुगेको दरखास्तलाई कुनै मान्यता दिईने छैन।

७. **कार्यविधि बमोजिम हुनेः** सेवा करारमा छनौटको प्रक्रिया, योग्यता, पारिश्रमिक तथा सेवाका शर्तहरू सेवा करारमा प्राविधिक जनशक्ति छनौट कार्यविधि, २०७६ (संशोधन समेत) बमोजिम हुनेछ।